रेसुङ्गा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
(शिक्षा,युवा तथा खेलकुद शाखा)
तम्घास, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

प.स..०७७/०७८
चलानी नं.

मिति २०७७/१०/१२

विषय : आशय पत्रको लागि सूचना प्रकाशन गरिएको ।

प्रस्तुत विषयमा, रेसुङ्गा नगर शिक्षा समिति, गुल्मीको मिति २०७७१०।०८ को बैठकको निर्णयानुसार यस रेसुङ्गा नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयहरु र सामुदायिक सिकाइ केन्द्रहरुको आ.व.२०७६/०७७ सम्मको आम्दानी खर्च सम्बन्धी लेखापरीक्षण गराउनुपर्ने भएको हुनाले ईच्छुक ईजाजत प्राप्त नेपाल चार्टड एकाउन्टेन्स संस्थामा रजिष्टर्ड लेखापरीक्षकहरुले सूचिकृत हुनको लागि तपशिलको विवरण सहित यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस रेसुङ्गा नगरपालिका, नगरकार्यपालिकाको कार्यालय आर्थिक प्रशासन शाखा/शिक्षा, युवा तथा खेलकुंद शाखा/आ.ले.प.शाखामा निबेदन दिनुहुनको लागि यो सूचना प्रकाशन गरिएको छ ।

भक्तिराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

तपशिल :

१. लेखापरीक्षक फर्म/संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

२. आ.व.२०७६/०७७ सम्मको कर चुक्ता प्रमाणको प्रतिलिपि ।

३. फर्म/संस्था नबिकरण गरेको प्रमाणको प्रतिलिपि ।

४. स्थायी लेखा नं. प्रमाणको प्रतिलिपि ।

५. सूचिकृत दर्ता शुल्क स्वरुप रु.१,०००। जम्मा गरेको यस नगरपालिकाको नगदि रसिद ।

६. निवेदन । र ७. नेपाल सरकार तथा संघ संस्थामा कार्यरत परीक्षकको हकमा लेखापरीक्षण गर्न विभागीय स्वीकृती पाएको पत्रको प्रतिलिपि ।

पुनश्च : तोकिएको मिति सम्म आशय पत्र पेश गरेका लेखापरीक्षकहरुलाई शिक्षा नियमावली, २०५९ को नियम २५(१) को ढ१ र नियम २६(१) को ञ बमोजिमको प्रकिया पुरा गरेर विद्यालयहरुमा लेखापरीक्षणको लागि लेखापरीक्षकमा नियुक्ती गरिने र पारिश्रमिक नगर शिक्षा समितिले तोकेबमोजिम निर्धारण गरिनेछ ।

**सम्पर्क ब्यक्ति : विष्णुप्रसाद ज्ञवाली फोन नं. ९८४७०३२७११ र हरिप्रसाद पोखेल फोन नं. ९८४७१८४५९६**

कार्यार्थ : श्री सूचना प्रविधि शाखा, रेसुङ्गा न.पा.का.कार्यालय, तम्घास, गुल्मी , -सूचना website मा अपलोड गरिदिनुहुन ।